# न्यून साक्षरता भएका स्थानीय तहमा दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# न्यून साक्षरता भएका स्थानीय तहमा दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

**प्रस्तावना**

बागमती प्रदेशभित्र दलित,अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको बाहुल्य रहेको तथा विकासको दृष्टिकोणले पछाडी परेका र न्यून साक्षरता भएका गाउँपालिकामा शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनोटको मापदण्ड निर्धारण गर्न तथा छनोट भएका विद्यालयहरूमा शैक्षिक गुणस्तर सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी शैक्षिक उपलब्धिमा सुधार गर्न आवश्यक भएकोले प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "न्यून साक्षरता भएका स्थानीय तहमा दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"कार्यक्रम"** भन्नाले यस कार्यविधि वमोजिम सञ्चालन गरिने शैक्षिक गुणस्तर सुधार कार्यक्रम सम्झनुपर्छ।

(ख) **"कार्यालय"** भन्नाले मन्त्रालय अन्तर्गतको सामाजिक विकास कार्यालयलाइ सम्झनुपर्दछ।

(ग) **"गाउँ शिक्षा समिति"** भन्नाले विद्यालय शिक्षा सम्बन्धी संघीय कानून वा सम्बन्धित गाउँपालिकाको कानून बमोजिम गठन भएको गाउँ शिक्षा समितिलाइ सम्झनुपर्दछ।

(घ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको शिक्षा विकास निर्देशनालयलाई सम्झनुपर्दछ ।

(ङ) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेश सरकार, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्दछ ।

(च) **"लक्षित समुदाय"** भन्नाले दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदाय सम्झनुपर्छ।

(छ) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ।

(ज) **"स्थानीय तह"** भन्नाले यस कार्यक्रम कार्यान्वयन हुने प्रयोजनका लागि छनोट भएका प्रदेशभित्रका आमाछोदिङ्मो, किस्पाङ, रुवी भ्याली, राक्सिराङ, घ्याङलेक, गौरीशङ्कर र महाभारत गाउँपालिकालाई सम्झनुपर्दछ ।

## परिच्छेद-दुई
## उद्देश्य, क्षेत्र, र कार्यक्रम सञ्चालन प्रक्रिया

**३. उद्धेश्यः** यस कार्यविधिको उद्धेश्य निम्नानुसार उल्लेख गरिएको छः

क) दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको बालबालिकाहरुको शिक्षामा गुणस्तरीय पहुँच सुनिश्चतत गर्ने आधार तय गर्नु

ख) विद्यालय उमेरका सबै बालबालिकाहरुको प्रोफाइल विकास गरी सुधारात्मक शिक्षणको प्रक्रिया तयार गर्नु

ग) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयोगको सुनिश्चता गर्नु

घ) कार्यक्रम सञ्चालन प्रक्रिया तय गरी सहजीकरण गर्नु।

**४. क्षेत्र र लक्षित वर्गः** (१) यस प्रदेश अन्तर्गत दलित,अल्पसङ्ख्यक,लोपोन्मुख तथा पिछडिएको समुदायको भएका आमाछोदिङ्मो, किस्पाङ्, रुवी भ्याली, राक्सिराङ, घ्याङलेक, गौरीशङ्कर र महाभारत स्थानीय तहमा सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपरोक्त स्थानीय तहमा बसोबास गर्ने सामाजिक आर्थिक रुपले कमजोर अवस्था रहेका, अति सीमान्तकृत, सीमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मुख तथा विपन्न समुदायका बालबालिकाहरु यस कार्यक्रमका लक्षित वर्गको रुपमा रहनेछन्।

**५. कार्यक्रमको क्षेत्र;** कार्यक्रम सञ्चालन हुने विद्यालयहरुले सञ्चालन गर्न सक्ने मुख्य विषयक्षेत्र देहायबमोजिम हुनेछन्:

क) विद्यालय भर्ना भएका सबै विद्यार्थीहरुको प्रोफाइल विकास र सहयाता

ख) गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि सुधारात्मक शिक्षण कार्यक्रम

ग) कक्षाकोठा व्यवस्थापन र सिकाइ कुना निर्माणका लागि सहायता कार्यक्रम

घ) शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगको लागि उपकरण व्यवस्थापन

**६. कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) कार्यक्रम सञ्चालनका लागि सामाजिक विकास कार्यालयहरुका लागि अभिमुखीकरण गरिनेछ।

(२) सामाजिक विकास कार्यालयबाट सम्बन्धित स्थानीय तहका पदाधिकारी र विद्यालयका प्रधानाध्यापकहरुको लागि कार्यक्रमको उद्धेश्य र क्रियाकलापका सम्बवन्धमा अभिमुखीकरण गरिनेछ।

(३) विद्यालयको आवश्कयता पहिचानका लागि कार्यालयले स्थानीय तहसँगको सहकार्यमा स्थलगत निरीक्षण गर्ने सक्नेछ।

(४) विद्यालयले दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायका विद्यार्थीहरु एकिन गरी उनीहरुको विषयगत र कक्षागत शैक्षिक उपलब्धिसहितको विवरण समेटी क्रियाकलापहरुको

प्राथमिकिकरण गरि स्थानीय तहको सिफारिस सहित कार्यालयले तोकेको समयभित्र अनुसूची १ बमोजिम प्रस्ताव कार्यालयमा पेश गर्नुपर्नेछ।

(५) विद्यालयले दफा ५ बमोजिमका विषय क्षेत्रसँग सम्बन्धित क्रियाकलापहरु मात्र प्रस्तावमा समेट्नु पर्नेछ।

(६) कार्यालयले प्राप्त प्रस्तावहरुको अध्ययन तथा मुल्याङ्कन गरी विद्यालय छनोट गर्नुपर्नेछ। स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही सम्बन्धित स्थानीय तहमा सञ्चालनमा रहेका विद्यालय र लक्षित समुदायका विद्यार्थीहरुको सङ्ख्या र स्थानीय तहको सिफारिसका आधारमा विद्यालय छनोट गर्नुपर्नेछ। कार्यालयले यस कार्यविधि बमोजिमको विषयक्षेत्रसँग सम्बन्धित क्रियाकलाप सम्पादन गर्न प्रति विद्यालय बढीमा रु चार लाख सम्म अनुदान उपलब्ध गराउन सक्नेछ। उक्त रकम विद्यालयमा रहेका विद्यार्थी सङ्ख्या र बेसलाइनबाट देखिएको अवस्थाबमोजिम विद्यालयगत रुपमा फरक फरक हुन सक्नेछ। विद्यालयलाई प्राप्त अनुदान रकममध्ये बढिमा २५ प्रतिशत रकम सूचना प्रविधिसँग सम्बन्धित क्षेत्रमा खर्च गर्न सकिनेछ।

(७) स्वीकृत बजेटको परिधि भित्र रहेर कार्यालयले कार्यक्रम कार्यान्वयन गर्न विद्यालयसँग अनुसुची २ बमोजिमको ढाँचामा संझौता गर्नु पर्नेछ। विद्यालयले सम्झौताको एकप्रति सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्नेछ ।

(८) सम्झौतामा अनुदानबाट विद्यालयले सञ्चालन गर्ने कार्यक्रमहरू र त्यसको कार्ययोजना समावेश गर्नुपर्नेछ।

(९) छनोट भएका विद्यालयलाई प्रस्तावित कार्यक्रमको आधारमा स्वीकृत अनुदान रकमको पहिलो किस्तामा ५० प्रतिशत रकम अनुदान दिइनेछ। विद्यालयले कार्यसम्पन्न गरी सम्झौतामा तोकिएको समयभित्र फाँटवारी (बिल भरपाई, प्रतिवेदन र सिफारिस लगायतका कागजातहरु) पेस गरेपछि अन्तिम किस्ता ५० प्रतिशत रकम भुक्तानी दिइनेछ।

(१०) विद्यालय छनोट, कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण तथा अनुगमनमा स्थानीय तहसँग सहकार्य गरिनेछ।

(११) विद्यार्थीहरुको शैक्षिक उपलब्धीको वार्षिक रुपमा समिक्षा गरी आवश्यकता अनुसार कार्यक्रममा सुधार गरिनेछ।

## परिच्छेद तीन
## कार्यक्रम व्यवस्थानका लागि संरचनात्मक व्यवस्था

७. <u>निर्देशक समिति</u>: न्यून साक्षरता भएका स्थानीय तहमा दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ:-

(क) सचिव, सामाजिक विकास मन्त्रालय - अध्यक्ष
(ख) महानिर्देशक, शिक्षा विकास निर्देशनालय - सदस्य
(ग) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास कार्यालयको प्रमुख - सदस्य

(ङ) योजना तथा शिक्षा विकास महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) समितिको बैठकमा सम्बन्धित विज्ञ व्यक्तिलाई आमन्त्रित्र गर्न सकिनेछ ।

८. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) न्यून साक्षरता भएका स्थानीय तहमा दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि लागि नीति तथा योजना तर्जुमा गर्ने

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड निर्धारण गर्ने

(ग) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै द्विविद्धा वा अष्पष्टता भएमा आवश्यक निर्देशन दिने

(घ) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तह र सामाजिक विकास कार्यालयलाई सहजीकरण गर्ने

(ङ) अनुगमन तथा मूल्याङ्न गरी आवश्यकता अनुसार पृष्ठपोषण दिने ।

९. **कार्यक्रम कार्यान्वयन सहजीकरण समितिः** (१) न्यून साक्षरता भएका स्थानीय तहमा दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) कार्यालय प्रमुख, सामाजिक विकास कार्यालय - संयोजक

(ख) एकाइ प्रमुख, शिक्षा विकास तथा समन्वय एकाइ - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख, सामजिक विकास कार्यालय - सदस्य

(घ) शाखा प्रमुख, गाँउपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा - सदस्य

(ङ) योजना तथा कार्यक्रम शाखाको अधिकृत, सामजिक विकास कार्यालय - सदस्य सचिव

(२) समितिको बैठकमा सम्बन्धित विज्ञ व्यक्तिलाई आमन्त्रित्र गर्न सकिनेछ ।

१०. **कार्यक्रम कार्यान्वयन सहजीकरण समिति काम, कर्तव्य र अधिकारः** **कार्यक्रम कार्यान्वयन सहजीकरण** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः-

क) सामुदायिक विद्यालयहरुलाइ गाँउपालिकाको सिफारिस समेतका आधारमा प्रस्तावित कार्यक्रम तथा बजेटको मूल्यांकन गरी कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनोट गर्ने र सामाजिक विकास कार्यालयमा सिफारिस गर्ने

ख) गाउँपालिकास्तरमा सरोकारवालाहरुको उपस्थितिमा कार्यक्रम बारे अभिमुखीकरण गर्ने

ग) गाउँपालिकाको शैक्षिक सूचकांक स्थिति र लक्षित समुदायका बालबालिकाको पहुँचको स्थिति अध्ययन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने

घ) गाउँपालिकालाइ बालबालिकाहरुको विद्यालयगत प्रोफायल निर्माण गर्न आवश्यक समन्वय गर्ने

ङ) कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिका र विद्यालयहरुमा आवश्यक सहजीकरण गर्ने

च) अनुगमन सूचकका आधारमा कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन गरी सो को प्रतिवेदन तयार गर्ने

५

छ) निर्देशक समितिबाट प्राप्त निर्देशनहरू कार्यान्वयन गर्ने गराउने,

११. **मन्त्रालयको काम, कर्तव्य र अधिकारः** कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयको काम कर्तव्य र अधिकार देहायवमोजिम हुनेछन्:

क) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने

ख) कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड निर्धारण गर्ने

ग) कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने

घ) कार्यक्रम कार्यान्वयनमा कुनै द्विविधा वा समस्या देखिएमा नीतिगत निर्णय गरी निर्देशन दिने

ङ) आवश्यकतानुसार प्राविधिक सहयोग उपलब्ध गराउने

च) मातहतका निकायलाइ आवश्यकतानुसार निर्देशन दिने ।

१२. **शिक्षा विकास निर्देशनालयको काम, कर्तव्य र अधिकारः** कार्यक्रम कार्यान्वयनका लागि शिक्षा विकास निर्देशनालयको काम कर्तव्य र अधिकार देहायवमोजिम हुनेछन्:

(क) सामाजिक विकास कार्यालयलाई अभिमुखीकरण र सहजीकरण गर्ने,

(ख) दलित,अल्पसङ्ख्यक,लोपोन्मुख/पिछडिएको समुदायका विद्यार्थीहरुको वर्गिकृत तथ्याङ्क तयार गर्ने

(ग) नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने/गराउने,

(घ) सामाजिक विकास कार्यलयहरुबाट प्राप्त प्रतिवेदनहरु एकीकृत गरी मन्त्रालयमा पेस गर्ने,

(ङ) मन्त्रालयले तोके बमोजिमका अन्य कार्य गर्ने ।

१३. **स्थानीय तहको काम कर्तव्य र अधिकारः** कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको काम कर्तव्य र अधिकार देहायवमोजिम हुनेछन्:

क) स्थानीय तह भित्र सामुदायिक विद्यालयमा अध्ययनरत दलित,अल्पसङ्ख्यक,लोपोन्मुख/पिछडिएको समुदायका विद्यार्थीहरुको वर्गिकृत तथ्याङ्क तयार गरी कार्यालयलाई उपलब्ध गराउने

ख) दलित,अल्पसङ्ख्यक,लोपोन्मुख/पिछडिएको समुदायका विद्यार्थीहरुको सङ्ख्याका आधारमा तोकिएको सङ्ख्यामा विद्यालय छनोट गरी पठाउने

ग) कार्यक्रमको प्राथमिकता बमोजिम विद्यालयहरुबाट शैक्षिक गुणस्तर सुधार योजना तयार गर्न लगाउने

घ) कार्यक्रम सञ्चालनका लागि साझेदारी र सहकार्य गर्ने

ङ) पालिकास्तरीय शैक्षिक तथ्यांक अद्यावधिक गर्ने

च) विद्यालय उमेर समूहका लक्षित समुदायका बालबालिकाहरुको पालिकास्तरीय प्रोफायल तयार गर्न

छ) विद्यालय र वडास्तरीय कार्यक्रम व्यवस्थापन समितिलाई आवश्यक सहयोग र निर्देशन गर्ने

ज) वार्षिक प्रतिवेदन तयार गरी सामाजिक विकास कार्यालयमा पठाउने ।

१४ . **सामाजिक विकास कार्यालयको काम, कर्तव्य र अधिकारः** कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास कार्यालयको काम कर्तव्य र अधिकार देहायवमोजिम हुनेछन्:

(क) दफा ९ बमोजिम कार्यक्रम कार्यान्वयन सहजिकरण समिति गठन गर्ने र समितिको सचिवालयको काम गर्ने

(ख) स्थानीय तह भित्र सामुदायिक विद्यालयमा अध्ययनरत दलित,अल्पसङ्ख्यक,लोपोन्मुख,पिछडिएको समुदायका विद्यार्थीहरुको वर्गिकृत तथ्याङ्क एकिन गर्ने

(ग) लक्षित विद्यार्थीहरुको बेसलाइन तथ्याङ्क तयार गर्ने

(घ) स्वीकृत कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्नका लागि अभिमुखीकरण, प्रस्ताव आव्हान, सम्झौता र अभिलेखीकरण सम्बन्धी कार्य गर्ने

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने/गराउने,

(च) रीतपूर्वक विद्यालयबाट प्राप्त बील, भरपाइ, कार्यसम्पन्न प्रतिवेदन र अन्य कागजातका आधारमा सम्झौता बमोजिमको रकम विद्यालयहरुलाइ भुक्तानी गर्ने

(छ) विद्यालय तथा स्थानीय तहबाट प्राप्त प्रतिवेदनहरु एकीकृत गरी नियमित रुपमा शिक्षा विकास निर्देशनालयमा पेस गर्ने,

(ज) मन्त्रालय र शिक्षा विकास निर्देशनालयले तोके बमोजिमका अन्य कार्य गर्ने ।

**१५. विद्यालयः** यस कार्यक्रमको कार्यान्वयनका लागि विद्यालयको काम कर्तव्य देहाय बमोजिम हुनेछः

क) कार्यक्रम कार्यान्वयनका लागि बार्षिक कार्ययोजना निर्माण गर्ने

ख) विद्यालय तहमा कार्यक्रमको अभिमुखीकरण गर्ने

ग) विद्यालय सेवा क्षेत्रमा रहेका विद्यालय उमेरका सबै बालबालिकाहरुको प्रोफाइल विकास गर्ने

घ) अभिभावक,शिक्षक तथा विद्यार्थीहरुसँग छलफल तथा अन्तक्रिया गर्ने

ङ) कार्यक्रमसँग सम्बन्धित प्रस्ताव गाँउपालिका र सामाजिक विकास कार्यालयमा पेश गर्ने

च) विद्यालयको आवश्यकताका आधारमा कार्यक्रम र क्रियाकलापहरुको प्राथमिकिकरण गर्ने

छ) उपयुक्त वातावरण श्रृजना गरी सम्झौता अनुसार कार्यक्रम कार्यान्वयन गर्ने

ज) वडा कार्यालय र गाँउपालिकासँग आवश्यक समन्वय गर्ने

झ) सम्झौता अनुसार कार्य सम्पादन गरी बील, भरपाइ, प्रतिवेदन लगायतका कागजात सामाजिक विकास कार्यालयमा पेश गर्ने

ञ) निर्देशक समिति र कार्यक्रम कार्यान्वयन सहजीकरण समितिले दिएका सुझाव र निर्देशन पालना गर्ने।

## परिच्छेद-चार

## विविध

**१६. अनुगमन तथा मूल्याङ्कनः** (१) कार्यक्रम कार्यान्वयनको सहजीकरण एवम् सुधारका लागि अनुगमन गर्ने कार्य मन्त्रालय, निर्देशनालय, सामाजिक विकास कार्यालय, शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहबाट हुन सक्नेछ।

**१७. विवरण पठाउनु पर्नेः** सम्बन्धित स्थानीय तहले कार्यक्रमसम्बन्धी भए गरेका सम्पूर्ण कार्यक्रमको विवरण सामाजिक विकास कार्यालयमा पठाउनु पर्नेछ। सामाजिक विकास कार्यालयहरुले विवरणहरुको अभिलेखीकरण गरी समष्ट्रिगत विवरण निर्देनालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

१८. **खर्च व्यवस्थापनः** कार्यक्रम सञ्चालनका लागि मापदण्ड तयारी, बैठक तथा सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्यमा भएको अत्यावश्यक खर्च सम्बन्धित कार्यक्रम शीर्षकबाट व्यवस्थापन गर्न सकिनेछ।

१९. **लेखा तथा लेखापरीक्षण:** सामाजिक विकास कार्यालयले प्रदेश सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नुपर्नेछ र लेखापरीक्षण प्रचलित कानुनबमोजिम गर्नु पर्नेछ ।

२०. **सरकारी बाँकी सरह असुलउपर:** कार्यक्रम सञ्चालन हुने विद्यालयले सम्झौतामा तोकिएको शर्त विपरीत कार्य गरेमा वा कार्य सम्पन्न नगरी बिचमा कार्य छाडेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२१. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ।

२२. **कार्यविधि संशोधन तथा परिमार्जनः** यस कार्यविधिमा उल्लेख भएका विषयहरूमा आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

अनुसूची-१

(दफा-६ उप दफा (४) सँग सम्वन्धित)

**विषय: प्रस्तावपत्र पेश गरिएको सम्बन्धमा।**

मितिः .......................

श्री सामाजिक विकास कार्यालय,..........................

प्रस्तुत विषयमा आ.व. २०८३।०८४ मा सामाजिक विकास कार्यालय, ..............बाट कार्यान्वयन हुने "न्यून साक्षरता भएका स्थानीय तहमा दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रम" का लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८३। । को निर्णय सहित प्रस्ताव पेश गरिएको वेहोरा अनुरोध छ ।

प्रस्तावपत्र

विद्यालयको संक्षिप्त परिचय

विद्यालयको नामः

स्थानीय तहः वडा नं

स्थापना मितिः IEMIS कोड नंः

सञ्चालित कक्षाः

**१.विद्यालयको वर्तमान शैक्षिक अवस्था**

क. कक्षागत रुपमा भर्ना भएका विद्यार्थी संख्या (शैक्षिक सत्र २०८३)

| कक्षागत विद्यार्थी संख्याः | | | | | दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायबा विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| क्र स | कक्षा | छात्रा | छात्रा | जम्मा | छात्रा | छात्रा | जम्मा |
| १ | ECED | | | | | | |
| २ | १ | | | | | | |
| ३ | २ | | | | | | |
| ४ | ३ | | | | | | |
| ५ | ४ | | | | | | |
| ६ | ५ | | | | | | |
| ७ | ६ | | | | | | |
| ८ | ७ | | | | | | |
| ९ | ८ | | | | | | |
| १० | ९ | | | | | | |
| ११ | १० | | | | | | |
| १२ | ११ | | | | | | |
| १३ | १२ | | | | | | |
| जम्मा | | | | | | | |

## ख. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको संख्या

| क स | उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ४ बर्ष देखि ५ बर्ष मुनिका उमेर समूह | | | |
| २ | ५ बर्ष देखि १२ बर्ष उमेर समूह | | | |
| ३ | १३ बर्ष देखि १४ बर्ष उमेर समूह | | | |
| ४ | १५ बर्ष देखि १६ बर्ष उमेर समूह | | | |
| | जम्मा | | | |

## ग.कार्यरत शिक्षक विवरण (स्थायी, करार, राहत, अनुदान सबै)

| क स | तह | तालिम प्राप्त | | | तालिम अप्राप्त | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ECED | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| २ | प्राथमिक | | | | | | | | | |
| ३ | निम्न माध्यमिक | | | | | | | | | |
| ४ | माध्यमिक ९-१० | | | | | | | | | |
| ५ | माध्यमिक ११-१२ | | | | | | | | | |
| | जम्मा | | | | | | | | | |

## घ. मौजुदा शैक्षिक सूचकांक अवस्था र प्रस्तावित लक्ष्य ( **Baseline survey)**

**अ.** कक्षा उत्तिर्ण, दोहोर्याउने तथा छोड्ने दर (शैक्षिक सत्र २०८२ को अवस्था र २०८३ को लक्ष्य उल्लेख गर्ने)

| क स | कक्षा | कक्षा उत्तिर्ण दर | | | कक्षा दोहोर्याउने दर | | | कक्षा छोड्ने दर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल उत्तिर्ण दर | लक्षित समुदायका विद्यार्थीको उत्तिर्ण दर | लक्षित समुदायका विद्यार्थीको उत्तिर्ण दरको बार्षिक लक्ष्य | कूल कक्षा दोहोर्याउने दर | लक्षित समुदायका विद्यार्थीको कक्षा दोहोर्याउने दर | लक्षित समुदायका विद्यार्थीको कक्षा दोहोर्याउने दरको बार्षिक लक्ष्य | कूल कक्षा छोड्ने दर | लक्षित समुदायका विद्यार्थीको कक्षा छोड्ने दर | लक्षित समुदायका विद्यार्थीको कक्षा छोड्ने दरको बार्षिक लक्ष्य |
| १ | ECED | | | | | | | | | |
| २ | १ | | | | | | | | | |
| ३ | २ | | | | | | | | | |
| ४ | ३ | | | | | | | | | |
| ५ | ४ | | | | | | | | | |
| ६ | ५ | | | | | | | | | |
| ७ | ६ | | | | | | | | | |
| ८ | ७ | | | | | | | | | |
| ९ | ८ | | | | | | | | | |
| १० | ९ | | | | | | | | | |
| ११ | १० | | | | | | | | | |
| १२ | ११ | | | | | | | | | |
| १३ | १२ | | | | | | | | | |
| | कूल औसत | | | | | | | | | |

## आ. कक्षागत औसत सिकाइ उपलब्धि (शैक्षिक सत्र २०८२ को अवस्था र २०८३ को लक्ष्य उल्लेख गर्ने)

| क स | कक्षा | कक्षागत कूल औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको कक्षागत औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको कक्षागत औसत सिकाइ उपलब्धिको बार्षिक लक्ष्य |
|---|---|---|---|---|
| १ | १ | | | |
| २ | २ | | | |
| ३ | ३ | | | |
| ४ | ४ | | | |
| ५ | ५ | | | |
| ६ | ६ | | | |
| ७ | ७ | | | |
| ८ | ८ | | | |
| ९ | ९ | | | |
| १० | १० | | | |
| ११ | ११ | | | |
| १२ | १२ | | | |
| कुल औसत | | | | |

## इ. कक्षागतरुपमा विषयगत औसत सिकाइ उपलब्धि (शैक्षिक सत्र २०८२ को अवस्था र २०८३ को लक्ष्य)

| क्र स | कक्षा | नेपाली | | | अंग्रेजी | | | गणित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल विद्यार्थीको औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको औसत सिकाइ उपलब्धिको बार्षिक लक्ष्य | कूल विद्यार्थीको औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको औसत सिकाइ उपलब्धिको बार्षिक लक्ष्य | कूल विद्यार्थीको औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको औसत सिकाइ उपलब्धिको बार्षिक लक्ष्य |
| १ | १ | | | | | | | | | |
| २ | २ | | | | | | | | | |
| ३ | ३ | | | | | | | | | |
| ४ | ४ | | | | | | | | | |
| ५ | ५ | | | | | | | | | |
| ६ | ६ | | | | | | | | | |
| ७ | ७ | | | | | | | | | |
| ८ | ८ | | | | | | | | | |
| ९ | ९ | | | | | | | | | |
| १० | १० | | | | | | | | | |
| ११ | ११ | | | | | | | | | |
| १२ | १२ | | | | | | | | | |
| कुल औसत | | | | | | | | | | |

| क स | कक्षा | विज्ञान | | | सामाजिक | | |
|---|---|---|---|---|---|---|---|
| | | कूल विद्यार्थीको औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको औसत सिकाइ उपलब्धिको बार्षिक लक्ष्य | कूल विद्यार्थीको औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको औसत सिकाइ उपलब्धि | लक्षित समुदायका विद्यार्थीको औसत सिकाइ उपलब्धिको बार्षिक लक्ष्य |
| १ | १ | | | | | | |
| २ | २ | | | | | | |
| ३ | ३ | | | | | | |
| ४ | ४ | | | | | | |
| ५ | ५ | | | | | | |
| ६ | ६ | | | | | | |
| ७ | ७ | | | | | | |
| ८ | ८ | | | | | | |
| ९ | ९ | | | | | | |
| १० | १० | | | | | | |
| ११ | ११ | | | | | | |
| १२ | १२ | | | | | | |
| कुल औसत | | | | | | | |

## २. प्रस्तावित कार्यक्रम र बजेट

| क स | मुख्य कार्यक्रम शीर्षक | क्रियाकलाप | अपेक्षित उपलब्धि | बजेट |
|---|---|---|---|---|
| १ | विद्यालय भर्ना भएका सबै विद्यार्थीहरुको प्रोफाइल विकास र सहायता | | | |
| | | | | |
| | | | | |
| २ | गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि सुधारात्मक शिक्षण कार्यक्रम | | | |
| | | | | |
| | | | | |
| | | | | |
| ३ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगको लागि उपकरण व्यवस्थापन | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | कूल प्रस्तावित बजेट रु. | | | |

- कूल प्रस्तावित बजेट रु ......................................
- विद्यालयमा अध्ययरत लक्षित समुदायका विद्यार्थी संख्या : .............जना
- प्रस्तावित बजेट र लक्षित समुदायका विद्यार्थीको अनुपातमा प्रति इकाइ लागत रु ...............पर्ने देखिन्छ ।

**विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नाम:**
**दस्तखत:**
**मिति:**

**प्रधानाध्यापकको नाम:**
**दस्तखत:**
**मिति:**

विद्यालयको छाप:

## अनुसूची २

(दफा-६ को उपदफा (७) सँग सम्वन्धित)

**सम्झौतापत्रको ढाँचा**

सामाजिक विकास कार्यालय, ( जसलाई प्रथम पक्ष भनिएको छ) र जिल्ला .....................वडा नं. ........... मा सञ्चालित श्री ..........................विद्यालय (जसलाई द्वितीय पक्ष भनिएको छ) बिच न्यून साक्षरता भएका स्थानीय तहमा दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको लागि शैक्षिक गुणस्तर सुधार सञ्चालनका लागि तपसिलका सर्तहरू पालना गर्नेगरी यो सम्झौता गरिदियौं, लियौं ।

**क. प्रथम पक्षले पालन गर्नुपर्ने सर्तहरुः-**

१. विद्यालयलाई प्रस्ताव अनुसारको कार्यक्रमको शैक्षिक कार्यक्रम व्यवस्थापनका लागि अधिकतम रु....... मात्र विद्यालयको खातामा तोकिए अनुसार किस्तामा अनुदान दिइनेछ।

२. विद्यालयलाई कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात पहिलो किस्तामा ५० प्रतिशतले हुन आउने रकम विद्यालयको खातामा अनुदान निकासा दिइनेछ बाँकी ५० प्रतिशतसम्मको रकम बिल भरपाइ बमोजिम कार्य, सम्पन्न गरेपछि विद्यालयको खातामा अनुदान रकम निकासा गरिनेछ।

३. तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्ष अन्तिम किस्ता रकम निकासा दिन बाध्य हुनेछैन र सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्षले दोस्रो पक्षलाई प्रथम किस्ता वापतको दिएको निकासा रकम बाँकी सरह असुल उपर गरिनेछ।

४. विद्यालयले तोकिएको सर्तअनुसारको प्रकृया पुरा गरी कागजात पेस गरेपछि प्रथम पक्षले अन्तिम किस्ता अनुदान रकम निकासा दिनेछ।

५. सम्झौता विपरित कार्य गरेको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा पनि यो सम्झौता रद्द गरी दिइएको अनुदान रकम असुलउपर गरिनेछ।

**ख. दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरू**

१. दोस्रो पक्षले २०८३ भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

२. क्रियाकलाप छनोट गर्दा आधुनिक प्रविधि सँग सम्बन्धित विषयक्षेत्रका क्रियाकलापको लागि सम्झौता रकमको २५ प्रतिशत र बाँकी रकम अन्य विषय क्षेत्रका क्रियाकलापमा खर्च गर्नु पर्नेछ ।

३. विद्यालयले गुणस्तर सुधार कार्यक्रमका लागि स्थानीय तह र सामाजिक विकास कार्यालयसँग समन्वय गरी सम्झौता भएको सात दिनभित्र कार्य प्रारम्भ गर्नुपर्नेछ।

४. प्रस्तावमा पेस गरिएअनुसारका कार्यक्रमहरू कार्ययोजनाअनुसार विद्यालयले कार्यान्वयन गर्नुपर्नेछ। यस कार्यक्रमको कार्यान्वयनको नेतृत्व विद्यालय व्यवस्थापन समितिले गरी कार्यक्रममा शिक्षकको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्दछ।

५. कार्यक्रम कार्यान्वयन गर्दा शैक्षिक उपलब्धि सुधारमा केन्द्रित हुनुपर्नेछ । कार्यक्रम सञ्चालनका लागि विद्यालयले कार्यक्रमको स्वरूपअनुसार टिम बनाउने वा निश्चित जिम्मेवारी तोक्नुपर्दछ । विद्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ ।

६. गुणस्तरीय रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

७. विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर सुधार कार्यक्रम सञ्चालनका लागि विद्यालयले लागत अनुमान तथा Specification (आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहमा कार्यरत प्राविधिकहरूबाट) तथा अन्य आवश्यक



मन्त्री

कागजात विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई प्रधानाध्यापकवाट स्वीकृत गरी अगाडि बढाउनु पर्नेछ।

९. विद्यालयले स्थानीय तहले खटाएको प्रतिनिधि संयोजक र विव्यसको प्रतिनिधि तथा शिक्षक अभिभावक सङ्को प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्नुपर्नेछ । यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नुपर्नेछ ।

१०. विद्यालयले कार्यक्रम सञ्चालन पूर्वको अवस्था र कार्यक्रम सम्पन्न भए पश्चातको अवस्थाको विश्लेषण गरी कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गरी प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नुपर्नेछ ।

११. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजानिक निर्माण तथा खरिद सम्बन्धी प्रचलित ऐन नियम ( संशोधनसहितको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४) तथा कार्यविधिअनुसार गर्नु गराउनुपर्नेछ।

१२. कार्य सम्पन्न भइसकेपछि सो सम्बन्धी सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्य स्वतः विद्यालयको नै हुनेछ।

१३. दोस्रो किस्ता माग गर्दा निम्न कागजातहरू पेस गर्नुपर्नेछः-

(क). स्वीकृत खरिद लागत अनुमान, स्पेसिफिकेसन अथवा मूल्य सूचीअनुसारको कार्य सम्पन्न भई शिक्षकहरूको स्टाफ बैठकले विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर सुधार कार्यक्रम सम्पन्न भएको भनी निर्णय गरेको निर्णय प्रतिलिपि र स्थानीय तहले कार्य सम्पन्न भएकोले भुक्तानीका लागि सिफारिस गरेको पत्र ।

(ख) विद्यालय व्यवस्थापन समितिबाट लागत अनुमान स्पेसिफिकेसन अनुसारको कार्य विवरण खोली सो अनुसार कार्य सम्पन्न भएको भन्ने निर्णय र आवश्यकताअनुसार सम्बन्धित प्राविधिक प्रतिवेदन ।

(ग) बिल भपाईको प्रध्यानध्यापकबाट प्रमाणित प्रतिलिपि ।

(घ) सञ्चालन भएका क्रियाकलापहरू र खरिद गरी स्थापना गरिएको सामानहरूको फोटाहरू।

(ङ) सामान खरिदको हकमा जिन्सी दाखिला गरेको दाखिला प्रतिवेदन ।

(च) विद्यालयले कार्य सम्पन्न गर्दा गरेको सम्पुर्ण कामको रकमसहितको कार्य सम्पन्न प्रतिवेदन ।

**सम्झौता गर्ने व्यक्तिहरू**

सामजिक विकास कार्यालयको तर्फबाटः

1. कार्यालय प्रमुखको नाम
हस्ताक्षर ..................................

२. योजना तथा कार्यक्रम शाखा प्रमुखको नामः
हस्ताक्षर......................................

विद्यालयको तर्फबाटः

१ व्यवस्थापन समितिको अध्यक्षको नाम
हस्ताक्षर..............................

२.प्रधानाध्यापकको नाम
हस्ताक्षर.......................................

सम्झौता सम्पन्न भएको मितिः । ।

## अनुसूची ३

### दफा ५ सँग सम्वन्धित

### न्यून साक्षरता भएका स्थानीय तहमा दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि मुख्य विषय/क्षेत्रहरु

| क.सं. | मुख्य विषय/क्षेत्रहरु | कैफियत |
|---|---|---|
| १ | कार्यक्रमको अभिमुखीकरण र सहजीकरण | |
| २ | विद्यार्थीहरुको प्रोफाइल निर्माण | |
| ३ | विद्यार्थीहरुको उपलब्धीको आधार तथ्याङ सङ्कलन (Baseline and Survey) र अन्तिम उपलब्धि सर्वेक्षण (Endline Survey) | |
| ४ | सुधारात्मक शिक्षण | |
| ५ | सूचना प्रविधिको प्रयोगको लागि सामग्री व्यवस्थापन | |
| ६ | अनुगमन/प्रतिवेदन/अभिलेखीकरण | |
| ७ | कार्यक्रम व्यवस्थापन/विविध | |

**मुख्य विषय/क्षेत्रहरु अन्तर्गत रहि आफ्नो आवश्यकता अनुसार विद्यालयले प्रस्ताव गर्न सक्ने केहि सम्भावित क्रियाकलापहरु ( मार्गदर्शनका लागि मात्र )**

**क. विद्यार्थी प्रोफाइल विकास**

- **तथ्यांक व्यवस्थापन:** विद्यार्थीहरूको व्यक्तिगत र पारिवारिक विवरण संकलन तथा तथ्याङ्क व्यवस्थापन प्रणाली विकास।
- **अभिलेखिकरण सामग्रीः** भौतिक प्रोफाइल सुरक्षित राख्नका लागि फाईल, दराज, र फाईलिङ

**ख. सुधारात्मक शिक्षण कार्यक्रम**

- **सिकाइ स्तर मापन (निदान):** लक्षित विद्यार्थीको शैक्षिक सत्र २०८२ र शैक्षिक सत्र् २०८३ को प्रथम त्रैमामसिक परिक्षाको सिकाइ उपलब्धिको विश्लेषण
  **शिक्षक प्रोत्साहन भत्ताः** विद्यालय समयभन्दा अगाडि वा पछाडि कमजोर विद्यार्थीका लागि थप सुधारात्मक कक्षा (Remedial Class) लिने शिक्षकहरूलाई प्रोत्साहन
- **सुधारात्मक शिक्षण व्यवस्थापन**

**ग. शिक्षण सिकाइमा सूचना प्रविधि (ICT) उपकरण**

- **हार्डवेयर उपकरण खरिदः** स्मार्ट टिभी वा मल्टिमिडिया (Projector) र आवश्यक ल्यापटप।
- **इन्टरनेट र नेटवर्किङ जडानः** उच्च गतिको वाइफाई (Wi-Fi) इन्टरनेट जडान
- **डिजिटल सामग्री र ई-पुस्तकालयः** पाठ्यक्रममा आधारित डिजिटल पाठ्यसामग्री (Offline Educational Softwares) र डिजिटल पुस्तकालय (E-Library) को स्थापना।
- **शिक्षक प्रविधि तालिमः** शिक्षकहरूलाई प्रविधिको माध्यमबाट (PowerPoint, शैक्षिक भिडियो) अध्यापन गराउन ५ देखि ७ दिने प्रयोगात्मक तालिम सञ्चालन।



डा. कल्याण चन्द्र वाँठे
मन्त्री